# विपश्यना

साधकहरुका लागि
प्रेरणा पत्र

बुद्ध वर्ष २५४३ श्रावण २०५६ वर्ष १६ अङ्क ४

## धम्मवाणी

*सीले पतिट्ठाय नरोप पञ्ञो, चित्तं पञ्ञञ्च भावयं।*
*आतापी निपको भिक्खु, सो इमं विजटये जटन्ति ॥*
*विसुद्धिमग्ग १.१*

**जो व्यक्ति प्रज्ञावान छ, वीर्यवान छ, पण्डित छ, भिक्षु छ, उसले शीलमा प्रतिष्ठित रहेर चित्त र प्रज्ञाको भावना गरेर क्लेशरूपी जरालाई जरासम्म काट्दछ।**

## भाउज्यूको ऊर्ध्वगमन

सबभन्दा ठूलो दाई बालकृष्णलाई 'प्हाऊ' भनेर बोलाउथें। म केवल दश वर्षको हुँदा उनको विवाह रंगून निवासी सद्गृहस्थकी भाग्यशालिनी कन्या रमादेवीसंग भएको थियो। प्हाऊ हाम्रो परिवारमा जेष्ठ थियो। प्हाऊको जीवन संगिनी भाउज्यू रमादेवी ६३ वर्षसम्म उनको धर्मपत्नी सहधर्मिणी बनी रहीन्। परिवारको यस पीढ़ीको कुलवधू बनेर घरको सदगृहणी भएर सम्पूर्ण जिम्मेवारी दक्षतापूर्वक निभाउँदै रहीन्।

उमेर बढ्दै गयो, परिवार बढ्दै गयो। परिवारको प्रति स्नेह बढ्दै गयो। उत्तरदायित्व बढ्दै गयो। वृहदपरिवारको जेष्ठ भएको कारणले माता झैं घरको दायित्वलाई सहजपूर्वक सम्भाल्दै रहीन्।

जीवनमा अनेक उतार चढाव आए। धेरै तितो मीठो अनुभव गर्नुपर्‍यो। तर सबै परिस्थितिलाई धैर्यपूर्वक सामना गर्दै रहीन्। कुल पिता प्हाऊको धर्म-संगीनी परिवारको बुजुर्ग कुल माताको रूपमा आफ्नो स्नेह बर्साउँदै रहीन्। केवल आफ्नो परिवारका आत्मीयहरूलाई मात्र होइन, वृहद परिवारका सबै सदस्यहरू प्रति, समाजका परिचित अपरिचित व्यक्तिहरूको सुख-दुखमा हरप्रकारले सहायता गर्दै रहीन्। समाजका अभाव ग्रस्त व्यक्तिहरूलाई अन्न वस्त्र आदि खुल्ला हातले दानदिनु उनको सहज स्वभाव थियो। विपश्यना साधनाको साथ साथै उनको अधिक समय सेवा कार्यमा नै व्यतीत हुन्थ्यो।

विपश्यना शिविरमा उनको प्रवेश कसरी भयो भन्ने एउटा महत्वपूर्ण इतिहास नै छ। प्हाऊ बालकृष्ण १९६२ मा कारणबश केही दिनको लागि रंगून आएको थियो। त्यहाँको विपश्यना केन्द्रमा पूज्य गुरुजी सयाजी ऊ बा खिनको सानिध्यमा उनले दश दिनको एउटा शिविर लिएको थियो। पूर्व संचित पारमिताको कारण पहिलो शिविरमा नै धेरै लाभ प्राप्त भयो। सातौं दिनको आरम्भमा नै सारा शरीरको स्थूल सम्वेदना पग्लियो। शरीरमा कहीं पनि स्थूल संघन सम्वेदना रहेन, सवैतिर तरंग नै तरंग। सतत तरंगित सा-साना ब्यय हुने परमाणुहरूको पून्जको प्रवाह हुनु यस साधना पद्धतिमा एउटा महत्वपूर्ण स्टेशन हो तर कुनै नयाँ साधकको लागि यस्तो अनुभव हुनु दुर्लभ र अभूतपूर्व हुनुको कारण यस अनुभवले साधना प्रति आकर्षण र आस्था उत्पन्न गर्दछ।

सारा शरीरमा पुलक-रोमांचको अनुभव भक्ति मार्गमा पनि कहिले काहीं हुन्छ। विपश्यना गर्नुभन्दा पूर्व म स्वयं भक्तिमार्गमा आबद्ध भएको कारण यसको अनुभूतिको बारेमा मलाई पनि ज्ञान छ। परन्तु भक्तिमार्गमा हुने त्यस पुलक-रोमान्चको अनुभूति र यस विपश्यना साधनाको भंग अवस्थाको अनित्यवोधिनी अनुभूतिको कुनै तुलना छैन। प्हाऊ पनि पहिले सगुण साकार भक्तिभावावेशका पथिक थिए। उनलाई पनि भक्ति-पथको पुलक-रोमांचको अनुभूति थियो। परन्तु अब यस अत्यन्त सूक्ष्म भंग अवस्थामा भवंग चित्तले ध्यान गरेर जुन आन्तरिक हल्कापन अनुभव भयो यसबाट उनलाई कुनै अनमोल रत्न प्राप्त भएको झैं भयो।

विपश्यना गर्दा गर्दै जब सत्यको साक्षात्कार भएर अज्ञानको पर्दा फाट्दछ र शरीर र मनको प्रपंच सामू देखा पर्दछ तब धर्मको "एहिपस्सिको" स्वभाव आफै प्रकट हुन थाल्दछ साधना गर्दा गर्दै साधकको मनमा पटक-पटक यस्तो भावना उत्पन्न हुन थाल्छ कि यस्तो अनमोल विद्या मेरा स्वजनहरूले पनि प्राप्त गरून्। परन्तु पहिलो शिविरमा नै भंग अवस्था प्राप्त गर्दछ भने के वर्णन गर्नु? प्हाऊको पनि यस्तै अवस्था थियो। सातौं दिन जब भंग अवस्था प्राप्त भयो सारा शरीरमा भित्र बाहिर सर्वत्र अनित्य अनुभूति भएपछि "एहिपस्सिको" अर्थात् आऊ हेर। भन्ने भाव प्रबल रूपले जाग्न थाल्यो।

त्यस समयमा म गुरुदेवको सहायकको रूपमा धर्मसेवा गर्दथें। सातौं दिन म पगोडाको सून्यागारमा अधिष्ठान बसेर माथि उक्लिंदा उनी सीधा मेरो कोठामा आइपुग्यो र भन्न थाल्यो कि "हिंडन, गुरुजी कहाँ एकपल्ट जाऔं, एउटा विशेष निवेदन गर्नुछ।" मैले सोधें, "साधनामा कुनै समस्या छ?" "यस्तो सरल साधनामा के कठिनाई हुन सक्छ? गुरूजी संग प्रार्थना गर्नुछ कि उनी भारत आउनु ताकि तिम्रो भाउज्यूको साथ-साथै परिवारका सबै सदस्य यस कल्याणी साधना प्राप्त गरेर आ-आफ्नो भलो गरुन्।"

Downloaded from http://www.dhamma.digital

मैले गुरुजीको आदेश सम्झाएँ "अहिले होइन, यी सबै कुरा शिविरको अन्तमा गर्ने, अहिले होईन यस समय त सारा ध्यान तपस्यामा लगाउनु पर्छ।" बाँकी तीन दिनमा उनले त्यही प्रश्न कयौं पटक दोहोऱ्याए र मैले शिविर समापनको समयसम्म टाल्दै रहें। मैले स्वयं गुरुजीलाई यी सबै धटना बताएँ। किन हो कुन्नि उहाँ जोडले हाँस्नु भयो।

शिविर समापनको दिन प्हाऊले मलाई सम्झाउँदै भन्न थाले "तिम्रो भाउज्यू कस्तो वेचैन हुन्छ, यदि उनलाई यस्तो अनमोल विद्या प्राप्त भयो भने कति सुखी हुन्छ होला। तिम्रो भतिजाहरूलाई पनि यो विद्या प्राप्त भयो भने कति कल्याणकारी हुन्छ। केही वर्ष अगाडि उनीहरू एउटा विवाहको अवसरमा बर्मा आएका थिए र शिविरमा २-४ दिन बिताएका थिए। परन्तु यस्तो गम्भीर विद्यालाई २-४ दिनको अधुरो अनुभवमा के बुझ्न सक्ला ? गुरुजीलाई त्यसैले दवाव दिएर भारत जाने स्वीकृति दिलाऊ। त्यहाँ शिविर लगाउने सारा प्रवन्ध हुनेछ।"

म प्हाऊको मानसिकता राम्ररी बुझ्दथें। सत्यानुभूतिको स्वयं आस्वादन गरेपछि आफ्नो सहधर्मिणी प्रति, आफ्नो सन्तान प्रति आफ्नो स्वजन परिजन प्रति यस्तो धर्म संवेग उत्पन्न हुनु स्वाभाविक छ। म पनि चाहन्थें कि पूज्य गुरुदेव स्वयं भारत गएर परिवारको भारत वासी सदस्यहरू तथा अन्य स्वजनहरूले यस विपश्यना विद्याको अभ्यास गरेर भवमुक्ति हुन पाउन् अनेक व्यक्तिहरूको कल्याण हुनेछ। त्यसैले हामी दुवै एक साथ गुरुजी कहाँ गयौं र हाम्रो प्रस्ताव गुरुजी कहाँ राख्यौं। गुरुजी जोडले हाँस्नु भयो। केही बेर मौन रहेर भन्नु भयो म स्वयं भारत जान चाहन्छु र भारतको यो ऋण चुकाउन चाहन्छु। यसबाट अनेकौंको कल्याण हुनेछ। उहाँले प्हाऊसंग सोध्नु भयो, के तिमी यस धर्म चारिकामा मेरो साथ दिनसक्छौ ? प्हाऊले सहर्ष स्वीकार गऱ्यो।

एक दुई दिन पछि प्हाऊ भारत फर्कियो। एकदिन कुनै चर्चामा गुरुदेवले भन्नु भयो कि तिम्रो दाजु बालकृष्ण एकदम पूण्यशाली ब्यक्ति हो त्यसैले पहिलो शिविरमा नै यस्तो गहिरो उपलब्धि प्राप्त भयो। उनको मनमा आफ्नो परिवार प्रति धर्मरस जाग्नु- स्वाभाविक हो। परन्तु उनको धर्म कामनाको मार्गमा केही भय अन्तराय देख्छु। उनी भारत फर्किने वित्तिकै कुनै विपश्यना विपरीत शक्तिको शिकार बन्नेछ।

साँच्चै त्यस्तै भयो। घर फर्किसकेपछि उनी बिपश्यनाको सर्वथा बिपरीत एक किसिमको ध्यान-पद्धतिमा दीक्षित हुन पुग्यो र फलस्वरूप बिपश्यना बिद्याबाट टाढा-टाढा हुँदै गयो। परिवारका वर्मा निवासी विपश्यी सदस्य त्यस स्थितिलाई अवाक् भएर हेरीरहे। वास्तवमा गर्न पनि के सकिन्थ्यो र ?

जून १९६९ मा परमपूज्य गुरुदेवको प्रतिनिधिको रूपमा म भारत आएँ। परिवारका वर्मा निवासी सदस्य र वर्माबाट आएका भारत निवासी साथिहरूको मद्दतले पहिलो शिविर मुम्बईको पञ्चायती भवनको धर्मशालामा जसो-तसो सञ्चालन भयो। यद्यपि परिवारका भारत निवासी सदस्यहरूले विरोध त गरेन परन्तु प्रत्यक्ष सहयोग पनि थिएन। परिवारका कसैले पनि शिविरमा भाग लिएन। मनै मन **"कालं आगमेय्य"** को प्रतिक्षा गरेर दोस्रो शिविर सञ्चालन गर्न म मद्रास गएँ।

वर्माबाट आएका परिवारका सदस्यहरू यस शिविरको आयोजनामा सक्रिय सहयोगी थिए। यस शिविरमा पनि परिवारका भारत निवासी कोही पनि सदस्य सम्मिलीत थिएन। वात्सल्यमयी भाउज्यूलाई यो राम्रो लागेको थिएन। उनको चेहरा उदास थियो। उनी चाहन्थीन् कि एकजना भएपनि यस शिविरमा सम्मिलित होउन्। तर उनी गर्न नै के सक्थ्यी र ? उनलाई चिन्ता थियो कि एकजना भाई वर्माबाट यस्तो अनमोल रत्न लिएर अएको छ जुन विद्या सिकेर सबैलाई लाभान्वित भइरहेछ, सबैले यसलाई प्रशंसा गरेको छ तर आफ्नो परिवारका एकजना पनि यस विद्यालाई एकपटक अपनाएर हेर्न तयार छैन। कमसेकम एकजनाले त यस विद्यालाई अपनाएर हेर। मनलागेन भने शिविर पश्चात छोडी देऊ तर एकपटक त प्रयोग गरेर हेर।

म उनको छटपटी राम्ररी बुझ्दथें परन्तु उनी पनि लाचार थिइन् म पनि लाचार थिएँ। उनी कहीले काहीं सम्झाउथी परन्तु कोही मान्ने वाला थिएन। म उनको चेहरामा देखिने उडासीपन र मनको तडपन बुझ्दथें।

भारतमा हुन लागेको यो दोस्रो शिविरको प्रवन्ध प्हाऊले मद्रासको साहूकारपेटको अग्रवाल भवनमा गराईदिएको थियो। २४ जुलाई १९६९ मा शिविर आरम्भ हुने निश्चित भइसकेको थियो। वर्माबाट आएका परिवारका केही सदस्य र अन्य गरेर जम्मा १८ जनाको निश्चित भैसकेको थियो। परन्तु भारतनिवासी परिवारका सदस्यहरूको हलचल थिएन। भाउज्यूको मुहार झन झन उडासीले छाएको थियो। शिविर स्थलमा जाने समय आएपुग्यो। म गाडीमा बस्दै थिएँ कि भाउज्युको आवाज आयो, "पर्ख म पनि आउँदैछु।" म छक्क परेर हेरीरहेको थिएँ। यो ममतामयी आमाको वात्सल्य बोलीरहेको थियो। मेरो फलानो सामानहरू धर्मशाला पूऱ्याइदिनु भनेर गाडीमा वस्न आईन्।

भाउज्यू शिबिरमा दृढ चित्त लिएर सम्मिलित भईन्। साधनाको समयमा उनलाई अनेक समस्या सामना गर्नुपऱ्यो। परन्तु उनी अलिकति पनि विचलित थिएन। गम्भीरतापूर्वक साधना गरीरहीन्। उनको परिश्रम सफल भयो। विपश्यनाको पून जागरण पछि भारतमा भएको दोस्रो शिविर अगष्ट ३ मा सफलतापूर्वक सम्पन्न भयो। यस ऐतिहासिक शिविरसंग सम्बन्धित दुई-तीन महत्वपूर्ण घटनाहरू मध्ये भाउज्यूको आगमन पनि एउटा घटना थियो।

शिविर पश्चात पनि उनी लड्खडठाउँदै अगाडि बढ्दै रहीन्। विपश्यना साधनामा उनलाई साथ दिने परिवारमा कोही पनि थिएन। तैपनि शिविरमा भाग लिदै जसो-तसो घरमा अभ्यास गर्दै साधनामा लागीरहीन्। हुन्त कसैले उनलाई साथ दिएन परन्तु कसैले विरोध पनि गरेन। बिपश्यनाबाट भने प्रत्यक्षत लाभ प्राप्त भइरहेको थियो।

Downloaded from http://www.dhamma.digital

उनी चाहन्थीन् कि उनका आत्मज यसबाट लाभान्वित होउन् कहीले काहीं यसै कुरालाई लिएर उनी दु:ख प्रकट गर्दथी, म सम्झाउथें कि सम्पूर्ण परिवार पुण्यशाली छन् । अत: समय आएपछि मुक्तिको पथमा स्वयं आउनेछन् ।

एकदिन प्हाऊले अचानक विपश्यनाको शिविरमा बस्छु भनेर भन्यो । उनको प्रसन्नताको ठेगाना थिएन । यस पटक विपश्यनामा आएपछि प्हाऊ सदाको लागि आयो । यस साधनाको महानता उनलाई अझबढी स्पष्ट भयो । नित्य नियमित ध्यानको साथ साथै शिविरहरू लिंदै गए । सामान्य दश दिवसीय शिविर मात्र होइन सतिपट्ठान, विशिष्ट शिविर, ३० दिवसीय दीर्घ शिविर, आचार्य स्वयं शिविरहरू गर्दै गए । साधनाले अन्तरमनको गहराईसम्म अधिक अनुभव भयो । अनेक व्यावसायीक जिम्मेवारीहरूबाट पन्छिदै उनी धर्मसेवामा लागे । केही समय अगाडि मात्र सहायक आचार्य वरिष्ठ सहायक आचार्य तथा उपाचार्य र पूर्ण आचार्यको दायित्व पनि बहन गर्दै गए । आफ्नो जीर्ण स्वास्थको कारण यस धर्म कार्यमा भाउज्यूले साथ दिन सकेन परन्तु नित्य साधना भने छोडेनन् ।

यसै फलस्वरूप असह्य शारीरिक दुखाई हुँदा हुँदै पनि उनको मृत्यु शान्त पूर्वक भयो । ७ सेम्टेम्बर १९९७ मा उनलाई ब्रेनह्यूमरेज भयो । मद्रासको एउटा राम्रो अस्पतालको आई.सी.यूमा राखियो । करीब एक महिनासम्म यस रोगको सामना गर्दै रहीन् । केही दिनसम्म बोल्न सकेन । हेर्दा संज्ञा सून्य भएको जस्तो लाग्थ्यो तर अन्तरचेतना थियो । बिहान टेलीफोन बाट मंगलमैत्री दिन्थें उनले बाहिरी स्तरबाट नै चेतना प्रकट गर्दथीन् । मैत्री पूरा भए पछि मुखले साधु, साधु, साधु भन्न सक्दैनथे तर दुबै हात जोड्ने प्रयत्न गर्दथी, स्वीकृती सूचक टाउको हल्लाउँथ्यो । अस्पतालमा अनुमति लिएर उनलाई इयरफोन दिएको थियो त्यसमा धर्म दोहा सुन्थी, यस्को प्रसन्नता उनको चेहरामा स्पष्ट रूपमा प्रकट हुन्थ्यो । सारा परिवार ममतामयी आमाको सेवामा तल्लीन थिए । दुई छोरा, एकजना बुहारी र छोरी त चौबीसै घण्टा अस्पतालमा सेवारत थिए । अन्य सबै भिन्न भिन्न प्रकारले सेवामा लागेका थिए । तर सबभन्दा बढी विपश्यनाको साथ थियो ।

जुन दिन उनको मृत्यु भयो त्यस दिन बिहानदेखि नै अधिक बेचैन थियो । छटपटी थियो । दिनहुँ जस्तै फोनबाट मैत्री दिएँ । उनले सहर्ष स्वीकार गरीन् । स्वास र सम्वेदना हेर्दै ओठमा बढी ध्यान दिनको लागि निर्देशन दिएँ । उनले तीन पटक टाउको हल्लाएर मंगल मैत्री स्वीकारेको कुरा त्यहाँ उपस्थितहरूले बताए । छटपटाहट टाढा हुँदै गयो र शान्त भएर साधना गर्न थाल्यो । दिन भरी प्हाऊ संगै बसेर ध्यानमा साथ दिंदै रहे । मृत्युको केही क्षण पूर्व उनलाई मंगल मैत्री दिए । ६३ वर्षसम्म गृहस्थीजीवनको भागीदारिणी धर्म संगिणी रहेकी भाउज्यूले मैत्रीलाई सहर्ष स्वीकार गरीन् र अन्तिम स्वास छोडीन् ।

मृत्यु पश्चात त्यस पुण्यशालिनीको चेहरामा देखिएको शान्ति र कान्तिको दिब्य आभाले उनको मंगल मृत्यु अभिब्यक्त गरीरहेको थियो जुन उनको दिब्यलोक तर्फ गमन गरेकोको प्रतीक थियो ।

साँच्चै उनी बिपश्यना पाएर धन्य भईन् । परिवार यस धर्ममयी आमा पाएर धन्य भए । जीवन मंगलमय भयो, मृत्यु मंगलमय भयो ।

(साभार: हिन्दी विपश्यना पत्रिका, माघ पूर्णिमा, १९९८)

मंगल मित्र
स.ना.गो.

## दान चेतना

यस ऐतिहासिक महान धर्म यज्ञमा आफ्नो तर्फबाट दान दिनुको शुद्ध अर्थ पनि राम्ररी बुझ्नु पर्दछ । प्राचीन समयमा शुद्ध धर्मको क्षेत्रमा दान दिने परम्परा अत्यन्त पवित्र हुन्थ्यो ।

त्यसै पवित्रताको पुर्नस्थापनाले देशको गौरव-गरिमा बढ्दछ र लोक-कल्याण हुन्छ ।

प्राचीन परम्परा अनुसार जब एकजना भिक्षु भिक्षाटनको लागि निस्किन्छ त हातमा भिक्षा पात्र लिएर आँखा झुकाउँदै मौन रहेर क्रमश: एक एक गृहस्थको घर अगाडि करिव एक मिनट पर्खिंदै चारिका गर्दछ । उनीहरूले न दिन आऊ भनेर "भिक्षाम् देहि" भन्छ न "पैसा देऊ, चामल देऊ" भनेर नै माग्छ ।

प्राचीन समयमा कोही भिक्षु माग्नको लागि थिएन । बिपश्यना द्वारा भव संसरणको दु:खबाट मुक्त भइसकेका व्यक्तिलाई नै भिक्षु भनिन्थ्यो । "भिन्दति दुक्खं ति भिक्खु" । उनीहरू केवल माग्नको लागि मात्र चारिका गर्दैनथे, धर्मको शुद्ध परम्परा अनुसार गृहस्थहरूलाई पुण्यपूर्वक दान दिने अवसर प्रदान गर्नको लागि उनीहरूको घर-घर अगाडि रोक्दथ्यो । एक मिनट जति पर्खेर पनि कोही दान दिन आएन भने प्रसन्नचित्तले उनको मंगल कामना गर्दै अर्को घरमा जान्थ्यो । कोही बाहिर आएर दान दियो भने पनि उस्को मंगल कामना गर्दै अर्को घरमा जान्थ्यो । वास्तवमा, भिक्षुहरू भोजन दान लिन आउने समयमा गृहस्थहरू आ-आफ्नो घरको सामू उत्सुकतापूर्वक प्रतीक्षा गरिरहन्थ्यो, वर्मा देशमा आजपनि यो परम्परा विध्यमान छ ।

धर्मवान गृहस्थ भोजन प्रदान गर्ने अवसर दिएको कारण भिक्षुलाई आभार प्रकट गर्दथ्यो । यस पावन प्रथाको कारण न भिक्षुको मनमा मागेर खाने भन्ने हीन भावना उत्पन्न हुन्थ्यो न गृहस्थको मनमा अहंकार उत्पन्न हुन्थ्यो । दान लिने र दान दिने दुबै जना निष्कलंक, निर्मल हुन्थे । धर्मले परिपूर्ण हुन्थे ।

सद्धर्मसंग सम्बन्धित दान यसरी नै शुद्धता पूर्वक दिनु पर्दछ । दान दिनु पूर्व त मनमा यस्तो चेतना जाग्नु पर्दछ कि जुन कामको लागि म दान दिंदैछु त्यस्बाट आजका हजारौं लाखौं मानिसहरु मात्र होइन भविष्यमा अनगिन्ती मानिसहरूले लाभ प्राप्त गर्नेछन्, यसप्रकार दान दिने चेतना प्रसन्नताले भर्नुपर्दछ । मेरो नै कुरा गर्ने हो भने, यो मेरो सौभाग्य हो कि मलाई यस दीर्घकालीन पुण्य आर्जन गर्ने सुअवसर प्राप्त भएको छ । जो बिपश्यी दानी छ उनको मनमा दोस्रो शुभ चेतना उत्पन्न हुनु पर्छ कि यो विद्या यदि वर्माबाट पुन: नआएको भए आज मैले कसरी उपभोग गर्न पाउँछु होला ? कसरी मेरो कल्याण हुन्छ होला ? आफ्नो क्षमता अनुसार

Downloaded from http://www.dhamma.digital

दिएको थोरै दानले पनि अधिक मानिहरूको कल्याण हुनेछ, लोक कल्याण हुनेछ । यस्तो धर्म चेतनाले दिएको थोरै दान पनि महापूण्यफलदायी हुनेछ ।

यस विद्याले आफ्नो पुरातन गौरव-गरिमा साथमा लिएर विश्वका मानिसहरूलाई शान्ति अहिंसाको पाठ पढाउँदै रहुन् । सबैको कल्याण होउन् । मंगल होउन् ।

(साभार: हिन्दी विपश्यना पत्रिका, जेष्ठ पूर्णिमा, १९९८)

मंगल मित्र
स.ना.गो.

## धर्मगाथा प्रायोजन

यस पत्रिकामा प्रकाशित भइरहेको धर्मगाथा सबै साधक-साधिकाहरूले प्रायोजन गर्न सक्नेछन् । उक्त गाथा एक पटक प्रायोजन गर्न रूपैंया पाँचसय लाग्नेछ। साधकहरूको प्रेरणाको लागि सहयोगी बन्न इच्छुक साधक - साधिकाहरूले गाथा प्रायोजन गरी पूण्यलाभी बन्नुहोस् ।

## धम्मगिरीको सूचना

यस वर्ष सयाजी ऊ बा खिनको जन्म सताब्दी भएकोले धम्मगिरीमा सञ्चालन हुने आर्चाय स्वयं शिविर र दीर्घ शिविर (३०, ४५) मा अधिक साधक साधिकाहरू र सहायक आचार्यहरूले सम्मिलित हुने इच्छा गरेका छन् । हामीले एशियाका विभिन्न देश नेपाल, ताइवान, श्रीलंका, वर्मा, थाइलैण्डको लागि ५० स्थान (पु-२५ र म-२५), भारतको लागि १६० स्थान (पू-१०० र म-६० विश्वका बाँकि देशका लागि ९० स्थान (पू-५०, म-४०) उपलब्ध गराउने निर्णय गरेकाछौं । यी शिविरको लागि आवेदन-पत्र धमाधम प्राप्त भइरहेका छन् । अत: शिविरमा सम्मिलित हुन इच्छुक साधक सहायक आचार्य, वरिष्ठ सहायक आचार्य तथा आचार्यहरूले सि आवेदन गर्नु होला । अन्तिम समयमा प्राप्त हुने आवेदन- अपेक्षि गरिनेछ ।

## धर्म गाथा

### हिन्दी

आओ बाटें जगत को, बिपश्यना का ध्यान ।
जन जन का मंगल सधे, पाय धरम का दान ॥

सब दानों में अग्र है, शुद्ध धर्म का दान ।
अपना भी होवे भला, होय जगत कल्याण ॥

धर्मदान देते हुए, अहंकार जग जाय ।
तो अपनी भी हानि करे, होय न जग कल्याण ॥

धर्मदान देते हुए, अहंकार गल जाय ।
तो अपना मंगल सधे, हो सब का कल्याण ॥

धरमसेवकों में यदि, अहंभाव जग जाय ।
तो सेवा कलुषित बने, फल दूषित हो जाय ॥

दुखियों की सेवा करें, निरहंकारी होय ।
सेवा सुरभित हो उठे, फल मीठा ही होय ॥

मंगल कामना सहित
**भाजुरत्न फर्मा**
वीरगंज

### हिन्दी

गुरुवर ! तुम मिलते नहीं, धरम गंगा के तीर ।
तो बस गंगा पूजता, कभी न पीता नीर ।

यदि गुरुवर मिलते नहीं, बरमा देश सुदेश ।
तो धन के जंजालमें, जीवन खोता शेष ॥

पथ भूला दिगभ्रम हुआ, भटक रहा अकुलाय ।
धन्य ! धन्य ! गुरुदेव ने, सत्पथ दिया दिखाय ॥

अहोभाग्य ! सद्‌गुरु मिले, कैसे संत सुजान ।
मार्ग दिखाया मुक्ति का, शुद्ध जगाया ज्ञान ॥

सद्‌गुरु की करुणा जगी, दिया धर्म का सार ।
संप्रदाय के बोझ का, उतरा सिर से भार ॥

धन्य ! धन्य ! गुरुवर मिले, ऐसे सन्त सुजान ।
छूटी मिथ्या कल्पना, छूटा मिथ्या ज्ञान ॥

मंगल कामना सहित
**बि. एम.**
काठमाडौं

सम्पादक : रोशनी शाक्य, प्रकाशक : नेपाल विपश्यना केन्द्र, धर्मश्रृङ्ग, बुढानीलकण्ठ, काठमाडौं । फोन : ३७१६५५, ३७१००७ २०५६ श्रावण

सम्पर्क स्थान : श्री रूप ज्योति, ज्योति भवन, पो. ब. नं. १२८९६, काठमाडौं । फोन : २-२५४९०, २-२३९६८, २-४८९४९, २-५०५८१

मुद्रक: **न्यू नेपाल प्रेस**, अफिस फोन: २५९०३२, २५९४५०, फ्याक्स: (+९७७-१) २५८६७८ प्रेस: ४३४ ८५०, ४३४ ७५३

जि.प्र.का.द.नं. ३८/५१/५२

साधकको नाम : ..........................................

ठेगाना : ..........................................

..........................................

● आजीवन शुल्क रू. ४००/-

● वार्षिक शुल्क रू. २५/-

Downloaded from http://www.dhamma.digital
..........................................